आज मिति २०७४ मंसिर ०७ गतेका दिन व्यास नगरपालिका नगर कार्यपालिका प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति र निर्णयहरु देहाय बमोजिम रहेको छ ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| - | नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| - | नगर उपप्रमुख | श्री मिरा जोशी | ,, |
| - | वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | ,, |
| - | वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | ,, |
| - | वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | ,, |
| - | वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपान | ,, |
| - | वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | ,, |
| - | वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | ,, |
| - | वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | ,, |
| - | वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | ,, |
| - | वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | ,, |
| - | वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | ,, |
| - | वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | ,, |
| - | वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुंवर | ,, |
| - | वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | ,, |
| - | वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | ,, |
| - | कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | ,, |
| - | कार्यकारीणी सदस्य | श्री केशबहादुर सुनार | ,, |
| - | कार्यकारीणी सदस्य | श्री कल्पना पोखेल | ,, |
| - | कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | ,, |
| - | कार्यकारीणी सदस्य | श्री सुनसरी गुरुङ | ,, |
| - | कार्यकारीणी सदस्य | श्री अमृतबहादुर नेपाली | ,, |
| - | कार्यकारीणी सदस्य | श्री मधुमाया घर्ती | ,, |
| - | कार्यकारीणी सदस्य | श्री नरीमाया राना | ,, |
| - | सदस्य सचिव कार्यकारी अधिकृत | श्री हरिप्रसाद बास्तोला | अनुपस्थित |
| - | बरिष्ठ अधिकृत | श्री कुमार कंचन जि.सी. | उपस्थित |
| - | वरिष्ठ कार्यक्रम अधिकृत | श्री राजेन्द्र कार्की | ,, |
| - | इन्जिनियर | श्री रविन्द्रलाल मुल | ,, |
| - | कार्यक्रम अधिकृत | श्री शशी अधिकारी | ,, |

**निर्णय नं.१:** यस नगरपालिकाको नाममा प्राप्त भएको UNITED CITIES AND LOCAL GOVERNMENTS ASIA PACIFIC (UCLG) पत्र मार्फत सदस्यता हुनका लागि गरिएको अनुरोधलाई स्वीकार गरी सन् २०१७ देखि नै सदस्यता ग्रहण गर्ने निर्णय गरियो । साथै उक्त संस्थालाई धन्यवाद दिने निर्णय समेत गरियो ।

**निर्णय नं.२:** सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) को मिति २०७४।०७।१७ च.न. १२७ को पत्र अनुसार सूचना प्रविधि अधिकृतको करार सेवा सम्बन्धमा भन्ने बिषयको पत्र बमोजिम आवश्यक प्रकिया पुरा गरी कमचारी नियुक्ति गर्नको लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकमा निम्नानुसार छनौट समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल,**

१. संयोजक श्री प्रमुख प्रशासकीय अधिकृत
२. सदस्य श्री कुमार कंचन जि.सी. बरिष्ठ आ.ले.प. अधिकृत
३. सदस्य श्री गोर्कणराज वाग्ले कम्प्यूटर अधिकृत

**निर्णय नं.३:** हाल नगरपालिमा दैनिक रुपमा वेवारिसे लास व्यवस्थापन गर्दै आएको वडा नं. ५ मा वेवारिसे लासको संख्य वृद्धि हुँदै जानुले वडाबासीहरुको जनगुनासो आइरहेको अवस्थालाई मध्यनजर गर्दै अन्य वडामा रहेका सवदाह स्थलहरुमा भौतिक

सुविधा उपलब्ध गराई वेवारिसे लास व्यवस्थापन गर्न सम्भावना भएका घाटहरुको विवरण आगामी बैठकमा पेश गर्न वडा अध्यक्षज्यूहरुले अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.४**: दमौली अस्पतालको मिति २०७४।०७।२२ च.न. १८० को पत्र अनुसार रकम उपलब्ध गराई दिनुहुन भन्ने बिषयमा छलफल हुँदा अस्पतालबाट कार्यक्रमको प्रस्ताव सहित माग भएपश्चात पेश्कीको रुपमा नियमानुसार रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.५**: कृषि शाखाको प्राप्त निवेदनहरुको अनुदान दिनका लागि मूल्यांकन गर्नुपर्ने भएकाले साविकमा रहेको वडा नं.२ का वडाअध्यक्ष श्री काशीराम श्रेष्ठको संयोजकमा रहेको आर्थिक विकास समितिलाई जिम्मा दिने र उक्त कृषि मूल्यांकन समितिको हकमा सदस्य सचिवमा कार्यक्रम अधिकृत श्री शशी अधिकारीलाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं.६**: भवन निर्माणलाई अझ व्यवस्थित गर्न नगर क्षेत्रका निर्माणकर्मीहरुलाई भूकम्प सम्बन्धी तालिम प्रदान गर्न भूकम्प प्रविधि राष्ट्रिय समाज (NSEST) को सहयोग र निर्माण व्यवसायी समितिको सहकार्यमा संचालन हुने ७ दिने तालिमको लागि नगरपालिको तर्फबाट रु.४८,०००।० रुपैयां खर्च उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.७**: संस्थागत विकास तथा सेवा प्रवाह समितिद्वारा तयार गरिएको वडास्तरको नागरिक वडापत्रको बारेमा जानकारी भयो साथै उक्त वडापत्रमा केही सुझाव भएमा आगामी बैठकमा सम्पूर्ण सदस्यहरुले पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.८: यस नगरपालिका वडा नं. ६ निवासी तथा नगरपालिकाका कानूनी परामर्शदाता श्री यज्ञबहादुर रानाज्यूलाई यही कात्तिक २५ गते मातृशोक पर्न गएकोले सम्पूर्ण परिवार प्रति दुःख व्यक्त गर्दै शोक व्यक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं ९:** व्यास न.पा. वडा नं ५ बस्ने परशुराम गिरीको छोरी वर्ष २५ की अनिता गिरी समेत पक्ष र व्यास नगरपालिका कार्यालय समेतलाई विपक्षी बनाइको निषेधाज्ञा मुद्दा श्री उच्च अदालत पोखरामा यस व्यास नगरपालिका नगर कार्यपालिका कार्यालयको तर्फबाट पुनरावेदन गर्न सो मुद्दाको अन्तिम किनारा नलाग्दासम्म व्यास न.पा. कार्यालयको तर्फबाट यस न.पा.मा कार्यरत खरिदार श्री विष्णुकुमार जोशीलाई उक्त मुद्दाको प्रतिनिधि तोकी पठाउने निर्णय गरियो ।

**निर्णय नं १०:** व्यास नगरपालिका अन्तर्गतका अस्पताल एवं वर्थिङ्ग सेन्टरहरुमा रिक्त भएको S.B.A तालिम प्राप्त अ.न.मी (चौबिस घण्टे) न.पा.को निर्णय अनुसार तलब भत्ता पाउने गरी २०७५ असार मसान्तसम्मका लागी करार सेवामा लिनको लागि निर्णय नं २ मा उल्लेख कर्मचारी छनौट समितिलाई नै करारमा अ.न.मी छनौट गरी सिफारिस गर्न दिने निर्णय गरियो ।

**निर्णय नं.११:** यस न.पा.लाई अत्यावश्यक भई सिलबन्दी कोटेशनमार्फत स्वास्थ्य केन्द्रलाई प्रदान गरिने औषधी एवं सुत्केरी आमा तथा नवजात शिशुलाई वितरण गरिने न्यानो झोला (लुगा सेट) नियमानुसार छनौट मूल्यांकन समितिबाट सिफारिस भएका चिराज फार्मेसी पोखरा र मकालु इन्टरनेशनल ट्रेनिङ्ग काठमाण्डौंलाई भुक्तानी गर्ने निर्णय गरियो ।